दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २१८ | बुटवल | २०८१ साउन २०, गते आइतबार | नेपाल संवत ११४४ | Sunday Aug.4, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**फ्याल्ट भाडामा**

बुटवल उप-महानगरपालिका-८, सुख्खानगर भानुपथमा अवस्थित सुविधा सम्पन्न 3 BHK (3 Bed Room, 1 living Room, 1 Kitchen , 1 dining, 1 Toilet, Bath Room, 1 Toilet) गाडी पार्किङ्ग सहितको भुई तल्लाको फ्याल्ट खाली रहेकोले भाडा लिन इच्छुक अफिस, गोदाम तथा ठूलो परिवारले सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं.**
**९८५७०३६७४९, ९८४७०८2021**

# लुम्बिनी विकास कोषसँग स्थानीयको विवाद

**कोषका पदाधिकारीहरूले स्थानीयका जायज माग र गुनासा सम्बोधनमा ढिलाइ गर्ने गरेका छन् । जसका कारण स्थानीय र कोषबीच मनमुटाव हुने र कोषमा बन्द हड्ताल जस्ता गतिविधि नरोकिँदा अन्तर्राष्ट्रिय रुपमा शान्तिभूमि लुम्बिनीको गरिमा र आस्थामा कमी आउने सम्भावना छ ।**

**मेहम्मद हबिब**
*भैरहवा*

बुद्ध जन्मस्थल लुम्बिनीमा बेला बेला स्थानीय र लुम्बिनी विकास कोषबिच विवाद हुँदै आएको छ । यो हप्ता पनि विभिन्न माग राख्दै स्थानीयले कोषको कार्यालयमा तालाबन्दी गरेका छन् । विश्वको ध्यान केन्द्रित रहेको लुम्बिनीमा यस्ता गतिविधिले विश्वसामु नराम्रो सन्देश गइरहेको छ भने स्थानीय र विकास कोषबिचको दुरी पनि बढिरहेको छ । स्थानीय र विकास कोषका पदाधिकारीबिच देखिने यस्तो विवादले अन्तर्राष्ट्रियस्तरमा लुम्बिनीप्रतिको गरिमामा नकारात्मक असर पर्ने खतरा पनि बढेको छ ।

केही दिन अघिमात्र लुम्बिनीलाई विश्व सम्पदा सूचीबाट हटाउने कि राख्ने भन्ने विषयमा वहस भएको थियो । भारतको नयाँदिल्लीमा जुलाइ २१ देखि जारी विश्व सम्पदा समिति (यूनेस्को वर्ल्ड हेरिटेज कमिटी) को ४६औँ सेसनअन्तर्गत भएको छलफलमा लुम्बिनीलाई खतराको सूचीमा नराख्ने निर्णय भएको केही दिनमै लुम्बिनीमा तालाबन्दी गरिनु सुखद होइन । यसबाट प्रष्ट हुन्छ कि लुम्बिनी कुनै पनि समयमा खतराको सूचीमा पर्न सक्छ । यति बुझ्दा बुझ्दै पनि लुम्बिनी विकास कोषका पदाधिकारीहरुले स्थानीयका जायज गुनासा सम्बोधनमा ढिलाइ गर्ने गरेका छन् । जसका कारण स्थानीय र कोषका पदाधिकारीबीच मनमुटाव सृजना हुने र कोषमा बन्द हड्ताल जस्ता गतिविधि गर्दा अन्तर्राष्ट्रिय रुपमा लुम्बिनी प्रतिको आस्थामा कमी आउने सम्भावना छ ।

बिहीबार कार्यालयमा तालाबन्दी गर्नुको कारण स्थानीयले कोषको आम्दानीको ५० प्रतिशत स्थानीय तहलाई दिनुपर्ने माग रहेको छ भने ऐतिहासिक वस्तुहरूको चोरी र अनियमितताको आरोप, कोषमा नियुक्त गरिने पदाधिकारी स्थानीय हुनुपर्ने, संघर्ष समितिले पदाधिकारीसँगै कर्मचारी भर्ना गर्दा पनि स्थानीयलाई प्राथमिकता दिइनुपर्ने, संघीयताको मर्मअनुरुप लुम्बिनी साँस्कृतिक नगरपालिकाका प्रमुख, प्रदेशसभा सदस्यलगायत संघीय सांसदलाई लुम्बिनी विकास कोषको पदेन सदस्य बनाउनुपर्नेलगायतका विभिन्न माग आन्दोलनरत स्थानीयले राखेका छन् ।

कोषका पदाधिकारी/कर्मचारीले उत्खननका समयमा मायादेवी मन्दिरभित्र फेला परेका बहुमूल्य मूर्तिहरू गायब गरेको, पूजापाठमा रोक लगाएको र विभिन्न अनियमित कार्य गरेको आरोप लगाउँदै लुम्बिनी बचाऊ संघर्ष समिति, रुपन्देहीको अगुवाइमा स्थानीयवासी समेतले कोषका कोषाध्यक्ष, सदस्य सचिव, पुरातत्व महाशाखा र संग्रहालयमा तालाबन्दी गरिएको थियो ।



कोषका लागि जग्गा दिएर अधिग्रहणमा परेका किसानलाई परिचयपत्रको व्यवस्था हुनुपर्ने माग समेत गरेको छ । विगतमा स्थानीयको संरक्षण र सुरक्षाले लुम्बिनी अहिलेको अवस्थामा आएकोले कोषको उपाध्यक्ष, कोषाध्यक्ष र सदस्य सचिव स्थानीय नै हुनुपर्ने संघर्ष समितिका संयोजक अकरामुद्दीन खाँले बताए । कोषको कार्यकारिणी सदस्य मनोनित गर्दा कम्तिमा २ जना पनि स्थानीय हुनुपर्ने उनले माग गरे ।

माग गरेका सूचनाहरू पुरातत्व महाशाखा प्रमुख हिमाल उप्रेतीले कुनै पनि हालतमा नदिने धम्की दिएपछि ताला लगाइएको महाअभियानका सहसंयोजक तथा स्थानीय अभियानकर्ता रामविकास चौधरीले बताए । उनले आफूसँग प्रमाण रहेका लुम्बिनीभित्रका ३९ थान मूर्ति र बहुमूल्य सामानहरूको अवस्थाबारे सूचना नागरिक अधिकारको प्रयोग गर्दै मागेको जनाए । चौधरीले भने-'विश्व शान्तिका अग्रदूत तथा महामानव बुद्धको जन्मस्थलका नागरिक राज्यबाटै ठगिंदा प्रत्येक नेपाली तथा बुद्धप्रति आस्था राख्ने सबै ठगिएको अनुभूति हुन्छ ।'

चौधरीका अनुसार कोषले अधिग्रहण गरेको एघार सय ५५ बिघामध्ये पहिलो चरणमा अधिग्रहित एक सय बिघा, दोस्रो चरणमा काशीप्रसाद श्रीवास्तवले २२ बिघा, अन्य व्यक्तिले ५० बिघा तथा गाउँ ब्लकमा रहेका घर घडेरी, कुला, खोलानाला र सरकारी जग्गा करिब एक सय बिघा गरी कुल दुई सय ७२ बिघा जमिनको मुआब्जा स्थानीयले नबुझेको भए पनि मात्र ४९ बिघाको मुआब्जा नबुझेको कोषबाट प्राप्त गरेको सूचनामा देखिन्छ, यो नै गलत छ ।'

'कोषको अनियमितताविरुद्ध प्रमाणसहित उभिँदा पनि वास्ता नगर्ने, लुम्बिनीभित्र स्थानीयलाई अघोषित प्रतिबन्ध लगाउन खोज्ने, लुम्बिनी विकास कोषका वर्तमान पदाधिकारी र कर्मचारीलाई तत्काल हटाइ सदिऔंदेखिको लुम्बिनीका अवैतनिक पहरेदार स्थानीयलाई नै लुम्बिनीको जिम्मा दिनुपर्छ,' महाअभियानका संयोजक अकरामुद्दीन खाँले भने -'कोषको केन्द्रीय कार्यालय लुम्बिनीमै भए पनि काठमाडौँ बसेर केवल भत्ता बुझ्ने र अनियमित कार्य गर्ने पदाधिकारी र कर्मचारी लुम्बिनीलाई चाहिँदैन, मन्दिरका पूजारीलाई तत्काल पुनः बहाल गरी पूजापाठलाई नियमित गर्नुपर्छ ।'

» *बाँकी ३ पेजमा*

## भारतमाथि नेपालको ऐतिहासिक जित



बुटवल । जारी काभा वुमन्स नेसन्स भलिबल लिगअन्तर्गत नेपालले भारतमाथि शानदार जित हासिल गरेको छ । काठमाडौँमा त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा शनिबार सम्पन्न यो खेलमा नेपालले भारतलाई ३-२ को सेटमा पराजित गरेको थियो ।

नेपाली महिला भलिबल टिमले पहिलो पटक भारतलाई पराजित गरेको हो । यो जितपछि नेपालले २ अंक हासिल गरेको छ भने भारतले एक अंक हासिल गरेको छ । यो जितपछि नेपालको २ खेलमा ५ अंक भएको छ भने भारतको ३ खेलमा ७ अंक भएको छ ।

यसअघि बिहीबार भएको उद्घाटन खेलमा नेपालले श्रीलंकालाई ३-० को सोझो सेटमा पराजित गरेर प्रतियोगितामा विजयी सुरुवात गरेको थियो ।

शनिबारको खेलपछि नेपालले आफ्नो तेस्रो खेल आज आइतबार साँझ ५ः १५ बजेदेखि इरानसँग खेल्ने छ । त्यस्तै नेपालले आफ्नो लिगचरणको अन्तिम खेल सोमबार ५ः १५ बजेदेखि माल्दिभ्सविरुद्ध खेल्ने तालिका रहेको छ ।

## बुटवलमा मुख्यमन्त्री सम्पर्क कार्यालय पुनः सञ्चालन

बुटवल । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले बुटवलबाट हटाइएको मुख्यमन्त्रीको सम्पर्क कार्यालय तथा निवासलाई पुनः सञ्चालनमा ल्याएका छन् ।

बुटवल मिलनचोकको सडक विभाग कम्पाउण्डमा रहेको आन्तरिक राजश्व कार्यालयको भवनमा रहेको कार्यालयलाई यसअघिका मुख्यमन्त्री जोखबहादुर महराले हटाएका थिए ।

तत्कालीन मुख्यमन्त्री शंकर पोखरेलको पालादेखि ०७४ सालबाट सो भवनमा मुख्यमन्त्रीको निवास थियो । प्रदेश राजधानी दाङ सरेपछि उक्त निवासलाई सम्पर्क कार्यालय बनाइएको थियो । बुटवलमा प्रदेश प्रमुखको कार्यालय र प्रदेश सरकार मातहतका निर्देशनालयसहित अन्य धेरै सरकारी कार्यालय पनि बुटवलमै रहेकाले सम्पर्क कार्यालय आवश्यक भएको मुख्यमन्त्री आचार्यले बताए । मुख्यमन्त्री आचार्यले आफू हरेक शुक्रबार बुटवलमा नियमित आउने आइतबार बिहानसम्म बस्ने बताए । सम्पर्क कार्यालयमा एक जना सचिवालयका कर्मचारी राख्ने व्यवस्था हुने आचार्यले बताए । यसअघिका मुख्यमन्त्री महराले बुटवलमा महँगो भाडा तिरेर सम्पर्क कार्यालय राख्न आवश्यक नभएको भन्दै हटाएका थिए । बुटवलमा मुख्यमन्त्री आउँदा होटलमा बस्नुपर्ने, सचिवालयसहित सुरक्षा टोली बस्दा धेरै खर्च हुने तर्क गर्दै सम्पर्क कार्यालयका लागि सानो इकाइको व्यवस्था गरिएको सरकारका प्रवक्ता मन्त्री दिनेश पन्थीले बताए ।

# बुटवलमा नगर प्रहरीको ज्यादती

**लुम्बिनी संवाददाता**
*बुटवल*

बुटवलको अस्पताल लाइनमा फलफूल बेच्ने क्रममा नगर प्रहरीले दुर्व्यवहार र ज्यादती गरेको महिलाहरुले गुनासो गरेका छन् । नगर प्रहरी आएको देखेपछि सामान डोकोमा राखेर हिंड्दा समेत नगर प्रहरीले लखेटी-लखेटी सामान कब्जा गरिदिने गरेको महिलाहरुको गुनासो छ । शनिबार अस्पताललाइनबाट नेपालगञ्जरोडसम्म लखेट्दै गर्दा डोको बोकेको, नाम्लो घाँटीमा झरेको र नगर प्रहरीले डोको तान्दा घाँटीमा पासो लागेर झण्डै ज्यान गएको टिका श्रीस मगरले बताइन् । पुरुष नगर प्रहरीले लछारपछार गर्दा टिकाको कुर्ता च्यातिएर अर्धनग्न भएकी थिइन् । बुटवलको इट्टाभट्टीलाइनमा बस्दै आएकी उनले छोरा छोरी पढाउन र बिरामी श्रीमान पाल्ने कुनै उपाय नभएर कहिले सडक पेटीमा त कहिले डोकोमा डुलाएर फलफूल बेच्दै आएको बताइन् ।



डोकोमा बोकेर बेच्न पनि नदिइ लखेटेर सधैँ सताउने गरेको उनले बताइन् । 'नगर प्रहरीले अस्पताल लाइनबाट लखेट्दै नेपालगञ्जरोड पुऱ्याए, डोको तान्दा नाम्लो घाँटीमा पासो लागेर झण्डै मारेनन् ।'-श्रीसले भनिन् ।

श्रीसमाथि नगर प्रहरीको ज्यादतीलाई प्रत्यक्ष देखेका बुटवलका युवा युगेन्द्र गौतमले आफू त्यहाँ पुगेर नगर प्रहरीलाई नरोकेको भए ती महिलाको घाँटीमा पासो लागेर ज्यान जानसक्ने अवस्था रहेको बताए ।

'नगर प्रहरीले ज्यादती गरेको देखेपछि मैले त्यसो नगर्नभन्दा मसँग पनि झगडा गरे, ती दिदीको झण्डै ज्यान गएन,'-उनले भने-'यस्तो अमानवीय हर्कत नगर प्रहरीले रोक्नुपर्छ ।'

योगीकुटीकी नर्मदा भण्डारीले एक वर्षअघि नगर प्रहरीले लखेट्दा दुर्घटना भई खुट्टा भाँचिएको बताइन् । नगर प्रहरीबाट बच्न खोज्दा कारले हानेर खुट्टा भाँचिएपछि ८ दिन अस्पताल बस्दासम्मको एक लाख ४० हजार कारधनीले दिएको, तर त्यसपछिको करिब डेढ लाख आफ्नो खर्च भएको भण्डारीले बताइन् । अहिले पनि खुट्टाभित्र स्टिलको रड रहेको हुँदा उपचार जारी रहेको उनले जनाइन् ।

सडकबाट भागेर बजारका घर र होटेलमा आश्रय लिन पुगेको अवस्थामा समेत नगर प्रहरीले हातपात र दुर्व्यवहार गर्ने, सामान खोसेर लगिदिने गरेको बुटवल ११ मजुवाका इन्द्र नेपालीले बताए ।

नगर प्रहरीको ज्यादतीविरुद्ध आवाज उठाउँदा घरमै आएर धम्की दिने गरेको नेपालीले जनाए ।

उनले अरु उपाय नभएर सडकमा सामान बेचेर गुजारा गर्ने नागरिकलाई लखेटेर, कुटपिट गरेर नभई निश्चित ठाउँ र समय तोकेर गरिखान दिनुपर्ने आफूहरुको माग रहेको बताए । 'उप-महानगरले यिनीहरु थोरै छन्, यिनको पक्षमा कोही छैन भन्ने ठानेर नगर प्रहरीमार्फत् अमानवीय व्यवहार र दादागिरी शैली प्रदर्शन गरेको छ, यो रोकिनुपर्छ र नागरिक समाज, अधिकारकर्मीले हाम्रो मागमा बोलिदिनुपर्छ,'-नेपालीले भने-'मेयरको नारा एउटा छ, व्यवहार ठीक उल्टो छ ।'

बुटवलका मेयर खेलराज पाण्डेयले निर्वाचनमा समानता, स्वाभिमान, अवसर र बस्नयोग्य बुटवल शहर नारा अघि सारेर चुनाव जितेका थिए । तर उनको पालामा विपन्न वर्गले काम गरेर खान पनि नपाएको र उल्टै दुर्व्यवहारपूर्ण ज्यादती भोग्नुपरेको नेपालीले टिप्पणी गरे ।

अर्थ-सामाजिक विषयमा कलम चलाउँदै आएका विश्लेषक रामचन्द्र श्रेष्ठले शहर धनीमानी र हुनेखानेको मात्र नभई गरिखानेको पनि हो र शहरमाथिको अधिकार सबैको मौलिक हक हो भन्ने तथ्य उप-महानगरले बुझ्न नसकेको वा बुझेर पनि बुझ पचाएको टिप्पणी गरे । 'शहर हुनेखानेको मात्र हैन, गरिखानेहरुको पनि हो, शहरमाथिको अधिकार सबै वर्गका नगरवासीको समान हुन्छ ।'-उनले भने ।

अधिकारकर्मी एवं पत्रकार रिमा बिसीले मर्यादित रूपमा बाँच्न पाउने हरेक नागरिको नैसर्गिक मानवअधिकार हुने र हरेक नागरिकले आफूले रोजेको पेशा व्यवसाय गर्न पाउने बताइन् । 'नागरिकलाई चाहिने आधारभूत आवश्यकता परिपूर्तिको दायित्व राज्यको हो, कुनै पनि बहानामा राज्य पन्छिन पाउँदैन, सडक पेटीमा निश्चित समय र ठाउँमा गुजाराका लागि व्यवसाय गर्छौं भन्ने उनीहरूलाई बैकल्पिक व्यवस्थापन गर्ने दायित्व राज्यको हो,' बिसीले भनिन्-'राज्यका कुनै पनि निकायले नागरिकमाथि कुटपिट गर्नु, बल प्रयोग गर्नु धरपकड गर्नु मानवअधिकार उल्लंघन हो, भने महिलामाथि गरिने दुर्व्यहार पनि हो कसैलाई पनि कुनै बहानामा बल प्रयोग गरी कुटपिट गर्ने लछारपछार गर्ने, महिलाहरूको कपडा च्यातिदिनु भनेको मानवताविरुद्धको गम्भीर अपराध हो, उपमहानगर यसमा संवेदनशील र जवाफदेही हुनुपर्छ ।'

**सटर लिएर पसल गर : प्रवक्ता**

बुटवल उप-महानगरपालिकाका प्रवक्ता शिव रानाले फुटपाथमा सामान बेच्न नदिन उपमहानगरले कडाइका साथ नियन्त्रण गरिरहेको बताए । उनले व्यवसाय दर्ता गरेर सटरमा पसल चलाउनुपर्ने बताए ।



## सम्पादकीय

# आशालाग्दो एउटा काम

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान हुन नसकिरहेको बेला थाइ एयर एसियाले भैरहवाबाट साताको चार उडान गर्ने तयारी गरेको छ। नागरिक उड्डयन प्राधिकरणले चार वटा नियमित उडान गर्नकोलागि अनुमति दिएपछि यहाँ आशा जागेको छ।

गौतमबुद्ध विमानस्थल निर्माण पछि पर्यटन उद्योग विस्तार हुन्छ भनेर लगानी गरेका व्यवसायी समस्यामा परिरहेका बेला सरकारले विमानस्थल चलाउन प्राथमिकता दिएको छ। केही दिनअघि प्रधानमन्त्री केपी शर्मा ओलीले विमानस्थल चलाउने कार्ययोजना बनाउन निर्देशन दिएपछि सरोकारवाला निकाय विमानस्थल चलाउने कार्ययोजना बनाउन जुटिरहेका छन्। गौतमबुद्ध विमानस्थल लुम्बिनी क्षेत्रको विकासको कोसेढुंगा हो। यो विमानस्थल चलाउन सक्दा पर्यटन उद्योग विस्तार हुन्छ। धेरै रोजगारी श्रृजना हुन्छ। यहाँबाट सिधा उडान गर्न सक्दा कृषिजन्य उत्पादनलाई निर्यात गर्न सक्ने संभावना पनि उत्तिकै छ। राज्यले ऋण खोजेर बनाएको विमानस्थल चलाउन नसक्दा हामी ऋणको पासोमा पर्ने जोखिम उत्तिकै छ। व्यवसायीको ठूलो लगानी जोखिममा परिरहेको छ। राज्य र निजी क्षेत्रको लगानी जोखिममा पर्दै जाने र युवा रोजगारीका लागि खाडी मुलुकलगायत विभिन्न देशमा जानुपर्ने बाध्यतालाई हटाउन विमानस्थल चलाउन अब ढिलाइ गर्न हुन्न।

नागरिक उड्डयन प्राधिकरणले भैरहवा उडान गर्ने शर्तमा थाइ एयर एसियालाई त्रिभुवन विमानस्थलको उडान अनुमति दिएको थियो। अब भैरहवाबाट ४ र काठमाडौँबाट ३ वटा उडान बैंककमा हुने गरी थाइ एयर एसियाले उडान अनुमति पाएको छ। सुरुमा नेपाल वायुसेवा निगमको न्यारोबडी जहाज र कुवेतको जजीरा एयरवेजले झन्डै ६ महिना र त्यसपछि हिमालय एयरलाइन्सले पनि केही महिना उडान गरेको थिए। उनीहरूले यात्रु नपाएको भन्दै उडान बन्द गर्दा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान ठप्प जस्तै छ।

थाइ एयर एसियालाई दिएको अनुमति र सरकारले विमानस्थल चलाउन दिएको प्राथमिकता सकारात्मक छन्। यही विन्दुबाट अब विमानस्थललाई पूर्ण क्षमतामा चलाउन अघि बढ्नुपर्छ।

# हैजाको रोकथाम : पानीमा निर्भर



शम्भुप्रसाद ज्ञवाली

*खानेपानीको गुणस्तरको निगरानी गर्न सङ्घीय, प्रदेश र स्थानीय तहका सबै अस्पतालमा आधारभूत रूपमा गुणस्तरीय पानीको सूचकका आधारमा पानी परीक्षणको व्यवस्था मिलाउनु पर्छ। अस्पताल नभएका स्थानीय तहले उपलब्ध स्वास्थ्य संस्थामध्ये कम्तीमा एउटा स्वास्थ्य संस्थामा तुरुन्त पानी परीक्षण गर्ने प्रविधिको प्रयोग गरी कम्तीमा ६/६ महिनामा समुदायका प्रत्येक खानेपानी स्रोतको पानी परीक्षण गरी त्यसको नतिजा सम्बन्धित पक्षलाई उपलब्ध गराउनु पर्छ। अन्त्यमा, खानेपानीलाई मानव जीवनको प्राणका रूपमा प्रयोग गर्नुपर्ने भएकाले यसलाई स्वच्छ र सफा रूपमा वितरण गर्ने कार्यमा तीनै तहका सरकार, वितरक संस्था र उपभोक्ता सचेत हुन जरुरी छ।*



काठमाडौँ, ललितपुर र कैलाली जिल्लाका केही स्थानमा देखा परिरहेको हैजाको छिटो रोकथाम र फैलावट रोक्न आवश्यक छ। हैजा एक सङ्क्रामक सरुवा रोग हो। यसको चिकित्सकीय उपचारभन्दा रोकथाम र नियन्त्रण प्रभावकारी हुने चिकित्सा विज्ञानबाट प्रमाणित भइसकेको छ। हैजाका सङ्क्रमित बिरामीको दिशामार्फत पानी वा अन्य खानेकुरा प्रदूषित हुँदा यो रोग एक अर्कोमा सर्छ। मानिसमा रोगको सङ्क्रमण भइसकेपछि कडा प्रकारको पखाला लाग्ने, वाक्वाकी र वान्ता हुने, ज्वरो आउने र शरीरबाट धेरै मात्रामा पानी निस्कनाले कडा किसिमको जलवियोजन हुन्छ। कडा जलवियोजनको कारणले बिरामीको समयमा उचित उपचार हुन नसकेमा मृत्यु हुन्छ।

हैजाका बिरामीमा कडा जलवियोजन भएमा जिब्रो, मुख र घाँटी सुक्खा हुने, आँखा धस्सिने, छालाको लचकता बढ्ने, पिसाब पहेलोका साथै कम हुने, शरीरमा पानीको मात्रा कम हुँदै गएमा रक्तचाप कम भई बिरामी बेहोस हुन्छ। बेहोस भइसकेपछि बिरामीको स्वास्थ्य संस्थामा उपचार गर्नु पर्छ। उचित उपचार हुन नसकेमा बिरामीको मृत्यु हुन सक्छ। प्रदूषित खानेपानीका कारण यो रोग सुरु हुने र फैलिने भएकाले नागरिकले उपभोग गर्ने पानीलाई वितरक निकायले शुद्ध रूपमा उपलब्ध गराउन आवश्यक छ। यसरी वितरीत पानी हानिकारक कीटाणु र रासायनिक पदार्थरहित छ, छैन भनी नियमित पानीको नमूनाको परीक्षण गरी शुद्ध खानेपानी मात्र उपभोक्तासमक्ष पुऱ्याउनु पर्छ।

राष्ट्रिय खानेपानी गुणस्तर सर्भिलेन्स निर्देशिका २०७०, अनुसार खानेपानी वितरक निकायले वितरण गरेको पानीको नमूना नियमित रूपमा गुणस्तर परीक्षण गरी सम्बन्धित निकायलाई सुसूचित गराउने कार्य सम्बन्धित स्वास्थ्य संस्थाको हो।

शुद्ध पानी र सफा खानेकुराको प्रयोग, व्यक्तिगत सरसफाइ, मलमूत्र र फोहोरको उचित व्यवस्थापन गर्न सके हैजा लाग्नबाट बच्न सकिन्छ। यति गर्दा गर्दै पनि कसैलाई हैजा लागेमा रोगले समुदायका अधिकांश व्यक्तिलाई प्रभावित गरी महामारीका रूपमा परिणत हुन सक्छ। तसर्थ, समुदायमा एक दुई जना बिरामीको शङ्का हुनेबित्तिकै समयमै निदान वा पहिचान गर्न आवश्यक छ। स्वास्थ्यकर्मीबाट जति सको छिटो रोगको निदान गर्न दुई किसिमको प्रक्रिया अवलम्बन गर्नु पर्छ।

पहिलो, कुनै व्यक्तिलाई अचानक पातलो वा चौलानी जस्तो दिशा लाग्ने, ज्वरो आउने र छोटो समयमा कडा जलवियोजनको अवस्था देखा परेमा त्यसलाई हैजाको प्रकोप मानेर तुरुन्त उपचार सुरु गर्नु पर्छ। हैजा हो, होइन निश्चित गर्न प्रयोगशाला परीक्षणको प्रक्रिया अगाडि बढाउनु पर्छ। हाम्रो जस्तो विकट र भौगोलिक विषमता भएको देशमा यसलाई नै आधार मानी हैजाको व्यवस्थापन गर्न अगाडि बढ्नु आवश्यक छ। दोस्रोमा, रोगको निश्चित निदान गर्न हैजा रोगका शङ्कास्पद बिरामीको दिशाको नमूना लिने र प्रयोगशालामा कल्चर वा पिसीआर परीक्षणबाट भिब्रियो कलेरा नामक किटाणु भएको प्रमाणित भएमा हैजा देखा परेको निश्चित गर्नु पर्छ। यस्तो अवस्थामा समुदायमा झाडापखालासहित माथि उल्लिखित मिल्दाजुल्दा लक्षण देखा परेका सम्पूर्ण व्यक्तिलाई हैजाको शङ्कास्पद निदानका आधारमा रोगको रोगथाम, उपचार र नियन्त्रणका प्रक्रिया अवलम्बन गरी हाल्नु पर्छ अन्यथा बिरामीको अकालमा मृत्यु हुन सक्छ।

हैजालाई मुख्य पानीजन्य रोगका रूपमा परिभाषित गरिएको छ। यसलाई एकअर्कामा फैलिन नदिनका लागि खानेपानीको प्रदूषणलाई रोक्नु पर्छ। प्रदूषण हुने प्रमुख कारणमा खानेपानीको मुहान वरिपरि जथाभावी दिशा, पिसाब गर्नु, खानेपानीको स्रोत र पानी वितरण प्रणालीमा बाढी, पहिरोका कारण प्रदूषण हुनु, पानीको स्रोतसँगै जनावर जथाभावी छाडा छोड्नु, उद्योग, कलकारखाना र घरबाट निस्कने फोहोरको उचित व्यवस्थापन नगर्नु हो। यसै गरी, पानीको प्रदूषण बढ्नु, फोहोरको ढल र पानी वितरण हुने पाइप फुट्न गई तरल पदार्थ मिसिने, खानेपानीको प्रयोगकर्ताको लापरबाही आदि हुन्। सङ्क्रमण रोकथामका लागि पानी वितरण गर्ने निकाय, स्थानीय तह, उपभोक्ता र स्वास्थ्य निकायको निरन्तर समन्वय र सहकार्य हुनु आवश्यक छ।

हैजाको रोकथाम र नियन्त्रणमा स्थानीय स्वास्थ्यकर्मीको महत्वपूर्ण भूमिका हुन्छ। स्वच्छ पिउने पानी र वातावरणीय सरसफाइका लागि सम्बन्धित निकायलाई जिम्मेवार बनाउन स्वास्थ्यकर्मीले सहजीकरण गर्नु पर्छ। खानेपानीको जैविक र रासायनिक तत्वको मिश्रण कस्तो छ र समग्रमा पानी सेवनयोग्य छ, छैन भन्ने विषय स्वास्थ्यसँग सम्बन्धित भएकाले स्वास्थ्यकर्मीले नै बढी अग्रसरता देखाउनु पर्छ। राष्ट्रिय खानेपानी मापदण्ड २०६२, अनुसार पिउन योग्य खानेपानीको मापदण्ड तोकिएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र अन्तर्गतका निकायलाई खानेपानी गुणस्तर अनुगमन तथा निगरानी गर्ने जिम्मेवारी अनुसार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले राष्ट्रिय खानेपानी गुणस्तर सर्भिलेन्स निर्देशिका २०७० तयार गरी लागु गरेको छ। सङ्घीय शासन पद्धतिअनुसार हाल खानेपानी गुणस्तर निगरानीका लागि सङ्घीय, प्रदेश र स्थानीय तह अन्तर्गतका स्वास्थ्य निकायबाट निम्नअनुसारको भूमिका निर्वाह गर्नु पर्छ। खानेपानीलाई यसको मुहानदेखि उपभोक्ताको मुखसम्म प्रदूषणरहित रूपमा वितरण गर्नु हो। पानी वितरणमा समस्या देखिएमा रोकथामका उपायसहित सम्बन्धित निकायमा जानकारी गराउनु पर्छ। खानेपानी वितरणको भौतिक र प्राविधिक पक्षको जिम्मेवारी खानेपानी वितरक संस्थाको हो भने स्वास्थ्यको दृष्टिकोणले त्यो उपयुक्त छ छैन, त्यसको प्रमाणीकरण गर्ने कार्य स्वास्थ्यसँग सम्बन्धित निकायको हो। सहरदेखि गाउँसम्म विभिन्न निकायका माध्यमबाट खानेपानीको आपूर्ति हुँदै आएको छ र तिनीहरूको स्थानीय स्वास्थ्य संस्थासँग खानेपानी वितरणका सम्बन्धमा निकट समन्वय हुनु आवश्यक छ।

खानेपानी सुरक्षा योजनाअन्तर्गत माथि उल्लेख गरेका दुवै निकाय र सम्बन्धित साझेदार संस्थाको संलग्नतामा सुरक्षा समिति गठन गर्नु पर्छ। उक्त समितिले खानेपानी वितरण प्रणालीको नक्साङ्कन र मूल्याङ्कन गर्ने, प्रदूषण पहिचान गर्ने र जोखिम विश्लेषण गर्ने, जोखिम नियन्त्रण र सुधारका योजना बनाउने र त्यसलाई प्रभावकारी कार्यान्वयन गर्न पानी वितरक संस्थालाई सहजीकरण गर्नु हो। यसरी वितरित पानीबाट उपभोक्तामा कस्तो प्रभाव परेको छ भन्ने विषयमा पनि उक्त समितिले समय समयमा उपभोक्ता सन्तुष्टि सर्वेक्षण गरी प्राप्त नतिजाका आधारमा सुधारका योजना तयार गरी पानी वितरक संस्थालाई अवगत गराउनु पर्छ।

वितरित खानेपानीको गुणस्तर परीक्षण गर्ने कार्य स्वतन्त्र निकायबाट हुनुपर्ने प्रावधान अनुसार स्वास्थ्य हेर्ने निकायलाई यसको जिम्मेवारी दिइएको छ। जिम्मेवारीअनुसार खानेपानीको गुणस्तरको लेखाजोखा गर्दा प्रथमतः पानी वितरण गर्ने निकायबाट वितरित पानीको नियमित प्रयोगशाला परीक्षण र क्लोरिनेसन गरेको छ, छैन त्यसको अभिलेख निरीक्षण गर्नु पर्छ। खानेपानी वितरण गर्नुअघि प्रयोगशाला परीक्षण र आवश्यक अनुसार पानीको शुद्धीकरण नगरेको भएमा त्यसलाई नियमित रूपमा अवलम्बन गर्नका लागि जिम्मेवार बनाउनु पर्छ।

दोस्रोमा, खानेपानीको वितरण प्रणाली वा सुरक्षा प्रणालीको नियमित अनुगमन गरी खानेपानी वितरक निकायलाई नियमित पृष्ठपोषण गर्नु पर्छ। यसका लागि समय समयमा खानेपानीको मुहान, वितरण पाइप र उपभोक्ताको धारोबाट पानीको नमुना सङ्कलन गरी प्रयोगशाला परीक्षण गर्नु पर्छ। पानी परीक्षणमा पानीमा राख्नुपर्ने क्लोरिनको मात्रा र पानीमा हानिकारक कीटाणु भए नभएको परीक्षण गरी त्यसको नतिजा पानी वितरक संस्थालाई उपलब्ध गराउनु पर्छ। शहर बजारमा खानेपानीको वितरण खानेपानी आयोजनाले मात्र नगरी अन्य असङ्गठित तवरबाट (ट्याङ्कर, जार र उपभोकता समिति) पनि वितरण भइरहेको हुन्छ। तसर्थ, त्यस्ता वितरीत पानीको पनि नियमित नमूना लिई प्रयोगशाला परीक्षण गरी त्यसको नतिजा सम्बन्धित निकायमा उपलब्ध गराउनु आवश्यक छ। यसरी कुनै पनि खानेपानी वितरकबाट वितरित खानेपानीको नमूना परीक्षण गर्दा हैजा वा अन्य हानिकारक कीटाणु वा जीवाणु देखा परेमा खानेपानी वितरक संस्थाबाट त्यस्तो पानीलाई शुद्धीकरण गरेर मात्र वितरण गराउनु पर्छ।

वितरित खानेपानीको अवस्था पहिचान गर्न स्थानीय स्वास्थ्य संस्थामा पानीजन्य रोगको उपचार गर्न आउने बिरामीको संख्या र मृत्युको संख्या, शङ्कास्पद हैजाका बिरामी संख्या र मृत्युको संख्या के कस्तो छ नियमित विश्लेषण गर्नु पर्छ। यस प्रकारको अवस्था विश्लेषणले वितरीत खानेपानीको स्वच्छता पहिचान गर्न मद्दत पुग्छ। पानीजन्य रोगको प्रकोप बढ्दै गएमा त्यसको जानकारी पानी वितरक संस्थालाई उपलब्ध गराउनु पर्छ। जसले गर्दा उक्त पानी वितरक निकायले खानेपानीको शुद्धीकरणका उपाय अवलम्बन गर्ने अवसर प्राप्त गर्छ।

खानेपानीको गुणस्तरको निगरानी गर्न सङ्घीय, प्रदेश र स्थानीय तहका सबै अस्पतालमा आधारभूत रूपमा गुणस्तरीय पानीको सूचकका आधारमा पानी परीक्षणको व्यवस्था मिलाउनु पर्छ। अस्पताल नभएका स्थानीय तहले उपलब्ध स्वास्थ्य संस्थामध्ये कम्तीमा एउटा स्वास्थ्य संस्थामा तुरुन्त पानी परीक्षण गर्ने प्रविधिको प्रयोग गरी कम्तीमा ६/६ महिनामा समुदायका प्रत्येक खानेपानी स्रोतको पानी परीक्षण गरी त्यसको नतिजा सम्बन्धित पक्षलाई उपलब्ध गराउनु पर्छ। अन्त्यमा, खानेपानीलाई मानव जीवनको प्राणका रूपमा प्रयोग गर्नुपर्ने भएकाले यसलाई स्वच्छ र सफा रूपमा वितरण गर्ने कार्यमा तीनै तहका सरकार, वितरक संस्था र उपभोक्ता सचेत हुन जरुरी छ। गोपबाट

# लामो समय कुर्सीमा बसिरहँदा मुटु रोग र मधुमेहको खतरा हुन सक्छ ?



कार्यालयमा होस् वा सवारीसाधनमा अथवा घरमा. धेरै मानिस दैनिक रूपमा एकै ठाउँमा लामो समय बसिरहने गर्छन्।

यसरी गतिहीन भएर एकै ठाउँ लामो समय बसिरहँदा त्यसले मुटु र मधुमेहसम्बन्धी गम्भीर स्वास्थ्य समस्याहरूको खतरा बढाउन सक्छ। सन् १९५३ मा इपिडिमियोलोजिस्ट जेरेमी मोरिसले गरेको एक अनुसन्धानमा लन्डनमा बस कन्डक्टरको दाँजोमा बस चालकहरूमा मुटुसम्बन्धी रोग दुई गुणाभन्दा बढी हुने देखिएको थियो। जनसांख्यिक हिसाबले उमेर, लिङ्ग र आयको आधारमा काम गर्ने दुई वटा समूह ब्रिटेनमा समान हुन् तर यस्तो उल्लेख्य फरक किन ?

मोरिसको जबाफ छः बस कन्डक्टरले दुई तले बसमा भऱ्याङ पनि चढ्नुपर्थ्यो र टिकट बेच्दा उभिनु पर्थ्यो तर बस चालक भने लामो समयसम्म सीटमा बसिनै रहन्थे। उनको ऐतिहासिक अध्ययनले शारीरिक गतिविधि र मुटुको स्वास्थ्यबीचको सम्बन्धबारे प्रारम्भिक अध्ययन गरेको थियो। अहिले लन्डनमा बसमा कन्डक्टर हुने भन्ने विगतको कुरा भए पनि मोरिसको परिणाम विगतमा कहिल्यै नभएको तहमा सान्दर्भिक भएको छ।

कोभिड-१९ महामारीयता घरबाटै काम गर्ने विषयमा ठूलो परिवर्तन आएको छ र यो बढ्दो क्रममा हुँदा हाम्रो एकै ठाउँमा बसिरहने समय बढाउने देखिन्छ। लामो समय एकै ठाउँमा बस्दा (सेडेन्टरी बिहेभिअर) मानिसले बसिरहने कारणले ऊर्जा कम खर्च गर्छ र मुन्टो निहुराएर बस्छ। आमरूपमा टीभी हेर्नु, गेम खेल्नु, सवारी चलाउनु र कुर्सीमा बसेर काम गर्नुजस्ता कुराहरू त्यसमा पर्छन्।

एकै ठाउँमा धेरैबेर बसिरहनु मुटु रोग र टाइप २ डायबिटिज तथा अल्पायुमै मृत्यु जस्ता समस्यासँग जोडिएको हुन्छ। सन् २०२० मा विश्व स्वास्थ्य सङ्गठनले यस्तो व्यवहार कम गर्न उपायहरू सुझाएको थियो। सन् २०१० यता अनुसन्धानकर्ताहरूले शारीरिक गतिविधिको कमी र एकै ठाउँमा लामो समय बस्नु भन्ने फरक हो भनेर छुट्ट्याउन खोज्दै आएका छन्।

तपाईंले दैनिक पर्याप्त व्यायाम गरेर पनि लामो समय बस्न सक्नुहुन्छ यद्यपि लामो समय एकै ठाउँमा बसिरहनेको खतरा व्यायाम पर्याप्त नगर्नेहरूमा उच्च हुन्छ। नचलमलाइ एउटै ठाउँमा लामो समय बस्दा त्यसले मुटुसम्बन्धी रोगको खतरा किन बढाउँछ ?

प्रारम्भिक अनुमान के हो भने खास गरी खुट्टामा रक्त प्रवाह कम गरिदिँदा त्यसले काम नगर्ने खतरा बढाइदिन्छ। अस्ट्रेलियाको मेलबर्नस्थित डीकिन युनिभर्सिटको फिजिकल एक्टिभिटी एन्ड न्युट्रिसनका फिजियोलोजिस्ट डेभिड डन्स्टनले लामो समय बसिरहनु र त्यसको असरबारे बृहत् अध्ययन गरेका छन्।

'मांसपेशीको गतिविधिमा कमी ल्याउनुले बसाइको विशेषता देखाउँछ,' डन्स्टनले भने-"म यदि कुर्सीमा छु भने कुर्सीले नै सबै जिम्मेवारी लिइरहेको हुन्छ।' मांसपेशी कम चल्नु, कम मेटाबोलिक माग र गुरुत्त्वाकर्षण कम हुँदा त्यसले खुट्टाको मांसपेशीमा कम रक्तसञ्चार गर्छ र त्यसले पिँडुलामा रगत जम्छ। खुट्टा दोबारेर बस्दा पनि त्यसले रक्त प्रवाह कम गर्न सक्छ। खुट्टाको मांसपेशीमा गतिविधि कम हुनुले 'मेटाबोलिक डिमान्ड' घटाइदिन्छ।

रक्त प्रवाहको प्रारम्भिक निर्धारक भनेको मेटाबोलिक डिमान्ड हो। त्यसैले खुट्टामा रक्त प्रवाह कम हुन्छ।

त्यसैले खुट्टा दोबारेर बस्दा त्यसले पिँडुलामा रगत जम्छ - २१ युवा स्वयंसेवकबीच गरिएको अध्ययनले दुई घन्टामा उनीहरूको पिँडुला करिब एक सेन्टिमिटरले बढ्यो। यसले पनि रक्त प्रवाह कम गर्न सक्छ। अनुसन्धानकर्ताहरूका अनुसार १२०-१८० मिनेटसम्म लगातार बसिरहनुलाई लामो समयमा बसेको मान्नुपर्छ। तर बस्ने अवधि बढ्दा त्यसले रक्त प्रवाह नहुने सम्भावना बढ्छ।

चिल्लो खानेकुरा धेरै खाएर लामो समय बस्नु सबैभन्दा हानीकारक हुने ठानिन्छ। मांसपेशीय कङ्काल प्रणाली (मस्कुलर स्केलेटल प्रणाली) पनि प्रभावित हुन सक्छ। लामो समय बस्दा त्यसले मांसपेशी कमजोर बनाउँछ, हड्डीको घनत्व कम गराउँछ र तन्तुहरूमा बोसो बढाउँछ। साथै, लामो समय एउटै ठाउँमा बस्दा त्यसले शारीरिक असहजपना, काममा तनाव, उच्च डिप्रेसनका लागि पनि कारक बन्न सक्छ। टाइप टु डायबिटिजमा अनुसन्धान गरेका डन्स्टनले बसिरहने कार्य खानापछि बढ्ने र त्यसले रगतमा ग्लुकोज र इन्सुलिन बढाउने कुरा उल्लेख गरेका छन्।

यी सम्भावित र थाहा भएका परिणामहरू भए पनि हामी किन लामो समय बस्छौँ - के हामी यो बानी परिवर्तन गर्न सक्छौँ ? 'मलाई लाग्छ मानिसहरू थप गतिहीन भइरहेका छन् किनभने समाजले यसैलाई प्रोत्साहित गरिरहेको छ।'-युनिभर्सिटी अफ सरेका सामाजिक मनोवैज्ञानिक बेन्जमिन गार्डनरले भने। उनले मानिसहरू किन लामो समय एकै ठाउँमा बस्छन् भनेर अनुसन्धान गर्दै आएका छन्। 'कसैले जानाजान यसो गर्न दबाव दिइरहेका होइनन्। यसो गर्दा बढी काम सक्न सजिलो भएको हो र हामीले आफ्नो काम गर्न खासै धेरै यताउता चल्नु पनि पर्दैन।'

सन् २०१८ मा, गार्डनर र उनका सहकर्मीहरूले बैठकहरू गर्दा उभिने कुराले अनौठो खालको सामाजिक कठिनाइ ल्याएको थियो। 'हामीले मानिसहरूलाई तीन वटा फरक बैठकहरूमा उभिन प्रेरित गऱ्यौँ, र उनीहरूको बैठक सकिएपछि प्रत्येक पटक अन्तर्वार्ता गऱ्यौँ र परिणामहरू चाखलाग्दा थिए।'- गार्डनरले भने

"एउटा औपचारिक बैठकमा, उभिनु उपयुक्त नहुने महसुस गरियो।

अन्य हस्तक्षेपहरूमा उचाइ मिलाइएको कार्यस्थल, बस्ने कुर्सी, ट्रेडमिल जस्ता रक्तसञ्चारलाई बढाउने कुराहरू पर्छन्। बसिरहेको ठाउँबाट बेला बेला उठ्ने, हल्का हिँड्ने वा भऱ्याङ्का केही खुड्किला उक्लँदा पनि फाइदा पुग्ने देखिएको छ। हामीलाई लामो समय नबस्नको लागि प्रविधिले पनि झक्झकाउन सक्छ।

एउटा नयाँ अध्ययनमा, एसिलिरोमिटर्स नामक शरीरमा लगाउने उपकरणले हाम्रो हिँडाइ, उभ्याइ, सुताइ र व्यायामको २४ घन्टे डेटा राख्छ। डन्स्टानले यसले उभिने समय र लामो समय बसिरहेकोबारे जनाउ दिने बताए। यद्यपि, प्रविधिको प्रयोग यसको असर बिना हुँदैन। केही मानिसलाई यसले दिक्क बनाएको वा असंवेदनशील बनाएको हुनसक्छ।

गार्डनर र सहकर्मीहरूले बस्नु र उभिने तरिका बारम्बार परिवर्तन गरिरहन प्रेरित गर्छन्। गतिहीन हुने हाम्रो दायरा तोड्ने सामान्य तरिका भनेको उभिनु हो। कम गतिविधि गर्ने व्यक्तिका लागि खास गरी यसले स्वास्थ्यमा महत्त्वपूर्ण फाइदा पुग्छ। ह्वीलचेयर प्रयोग गर्ने वा चलायमान कम हुनेहरूका लागि भने विशेष किसिमको व्यायामहरू फाइदाकारी हुनसक्छ।

धेरैका लागि चलायमान नभई कुर्सीमा लामो समय बस्नु आधुनिक काम र जीवनमा टार्नै नसक्ने जस्तो लाग्न सक्छ। तर तपाईंको दिनदिनै चिया बनाउनकै लागि उभिने, जिउ तन्काउने जस्ता ल्याउने सानै परिवर्तनले पनि बसिरहने बानीमा परिवर्तन गराउन सक्छ।

*(बीबीसीका एनाबेल बोर्नको रिपोर्ट)*

# क्षितिजमा एमबीए पढाइने




बुटवल । बुटवल उप-महानगरपालिका वडा नम्बर १० मा रहेको क्षितिज इन्टरनेशनल कलेजमा अब एमबीएको अध्यापन हुने भएको छ।

योभन्दा पहिला बीबीए, बीबीए-बीआइ अध्यापन गराउँदै आएको कलेजमा चालु शैक्षिक सत्रबाट मास्टर अफ बिजनेशन एड्मिष्टेशनको पढाइ हुने भएको हो। पोखरा विश्व विद्यालयबाट सम्बन्धन प्राप्त गरी नयाँ कार्यक्रमको सुरुवात गरिएको हो।

शनिबार तिलोत्तमा एक कार्यक्रमको आयोजना गरी कलेजको नयाँ कार्यक्रम सुरुवात गरिएको हो।

पोखरा विश्व विद्यालयका एमबीए कार्यक्रमका पाठ्यक्रम विकास संयोजक तथा एमबीए कार्यक्रम संयोजक प्रोफेसर प्रा.डा. महानन्द चालिसेले एमबीए कार्यक्रमको सुरुवात गरेका हुन्।

कार्यक्रममा बोल्दै प्रा.डा चालिसेले संसारलाई परिवर्तन गर्न चाहनेहरूको लागि एमबीए कार्यक्रम आफैँमा ओझपूर्ण विषय भएको बताएका थिए।

अहिले पनि नेपालमा कुल शिक्षाको ४८ प्रतिशतभन्दा बढी व्यवस्थापन शिक्षा हासिल गरेका व्यक्तिहरूको योगदान रहेको भन्दै उनले एमबीएको पढाइका लागि काठमाडौं वा अन्य देशमा जानुपर्ने बाध्ययताको अन्त्य भएको बताएका थिए।

बुटवलमा नै सहज रूपमा एमबीएको शिक्षा प्राप्त गर्न पाउनु आफैँमा गौरवको विषय समेत भएको भन्दै उनले अहिलेको नयाँ पाठ्यक्रमले जागिरसँगै उद्यमशीलता समेत विकास गर्ने गरी डिजाइन गरिएको भन्दै एमबीए अध्ययन गरेका विद्यार्थीले व्यवस्थापकीय क्षमतासँगै नयाँ उद्यमशीलता वृद्धिमा समेत सहयोग पुराउने बताएका थिए।

कार्यक्रममा नेपाल चेम्बर अफ कमर्स लुम्बिनी प्रदेशका अध्यक्ष जेपी कँडेलले नेपालबाट विदेश अध्ययनको लागि जाने परिपाटीको विकासको लागि सरकारको ठूलो कमीकमजोरी रहेको बताएका थिए। उनले यसको लागि स्वदेशमा नै उद्यमशीलता विकासका कार्यक्रम, सोहीअनुसारको पाठ्यक्रममा अध्ययन अध्यापन गर्नुपर्नेमा जोड दिए।

यस्तै होराइजन जीबीएसका अध्यक्ष ज्ञानेन्द्र कसजूले न्यू होराइजन आफैँमा देशको सशक्त ब्रान्डको रूपमा विकास भइरहेको बताउँदै इञ्जिनियरिङ कलेजको समेत अवधारणा अगाडि बढिसकेको समयमा नेपाल सरकारबाट सम्बन्धन नदिँदा अफ्ठेरो भएको बताएका थिए।

विगत लामो समयदेखि यो विषयमा पहल गरेको भए पनि इञ्जिनयरिङ जस्तै प्राविधिक शिक्षामा सरकारले गरेको ढिला सुस्तीको कारण विद्यालय पलायन हुनुको एउटा कारण भएको उनको भनाइ थियो।

न्यू होराइजन आवसीय विद्यालयका प्रधानाध्यापक लोकनाथ उपाध्यायले नेपालको शिक्षा प्रणाली विकास नहुनुमा विश्व विद्यालयसँगै नेपाल सरकार मुख्य दोषी भएको बताए। उनले स्वदेशमा नै रोजगारी सृजना, नेपाली माटो सुहाउँदो शिक्षा प्रणालीको विकास गर्न सकेमा दक्ष जनशक्ति विदेश पलायन रोक्न सकिने बताएका थिए।

बुटवलमा नै घरमै बसेर, पारिवारिक वातावरणमा एमबीएको अध्ययन गर्न पाउनु विद्यार्थीको लागि गोल्डेन अवसर भएको प्रअ उपाध्याले जनाए।

कार्यक्रममा इन्सुरेन्सका धुब्र कोइराला, एमबीएका विद्यार्थी आकृति बज्राचार्य, मणिमुकुन्द कलेजका प्राचार्य टुकबहादुर क्षेत्रीलगायतले बोल्दै एमबीए कार्यक्रमको पूर्ण सफलताको कामना गरेका थिए।

क्षितिज इन्टरनेशनल कलेजका प्राचार्य डा. सूर्य रानाले सन् २००९ बाट बीबीए कार्यक्रम सुरुवात गरेको कलेजले २०१३ मा बीबीए-बीआइ समेत सञ्चालन गर्दै आएको जानकारी दिए।

यसै शैक्षिक सत्रबाट एमबीएको अध्यापन सुरुवात गरिएको बताउँदै प्राचार्य रानाले विद्यार्थीहरूको लागि यो सुवर्ण अवसर रहेको बताएका थिए। कार्यक्रम क्षितिज इन्टरनेशनल कलेजका अध्यक्ष रामेश्वर श्रेष्ठको अध्यक्षता तथा प्राध्यापक राजेन्द्र लम्सालको सञ्चालनमा भएको थियो।

# शान्तिदीपद्वारा खाद्यान्न सहयोग

बुटवल । लायन्स क्लब अफ बुटवल शान्तिदीपले तिलोत्तमा नगरपालिका वाड नं. ७ भलबारीमा रहेको महिला बालबालिका यौनिक तथा लैङ्गिक अल्पसंख्यकसम्बन्धी काम गर्ने संस्था सिर्जनशिल संस्था नेपाललाई एक कार्यक्रम गरी खाद्यान्न सहयोग गरेको छ।

लायन्स रेशम बञ्जाडेका कान्छा सुपुत्र आरोप बञ्जाडे र अर्का लायन्स विष्णु कुँवरको जन्मदिनको अवसर पारेर क्लबले खाद्यान्न हस्तान्तरण गरेको हो।

कार्यक्रममा प्रमुख अथिति अन्तर्राष्ट्रिय लायन्स क्लब जिल्ला परिषद् '३२५ पि' का गभर्नर पुरुषोत्तम भक्त प्रधानाङ्ले संस्थाका अध्यक्ष बिजु पौडेल लाई खाद्यान्न हस्तान्तरण गरेका हुन्।

२०५४ सालमा स्थापना भएको सिर्जनशिल संस्था नेपालले बेसाहारा महिला तथा बालबालिकाको उत्थानको काम गरिरहेको छ। साथै संस्थाले दातृ संस्था (UNDP)को सहकार्यमा वातावरणसम्बन्धी सचेतनामूलक कार्यक्रम समेत गरेको अध्यक्ष बिजु पौडेलले बताइन्।

सिर्जनशिल नेपालले महिलाको रजोनिवृत्तसम्बन्धी तालिम र वातावरण मैत्री तथा पुनः प्रयोग गर्न मिल्ने प्याड उत्पादन गरी निम्न आय भएका महिलालाई वितरण समेत गर्ने गरेको छ।

जसअन्तर्गत गत वर्ष रुपन्देहीका विभिन्न पालिकामा वितरण गरेको अध्यक्ष पौडेलले बताइन्। बिगतमा भाडा तिरेर बाल आश्रम सञ्चालन गरेको सिर्जनशिल नेपालले साउनदेखि आफ्नो भवनमा सरेको छ।

तिलोत्तमा नगरपालिकाले दिएको दुई कठ्ठा जग्गा स्थानीय सुकुम्बासीले अतिक्रमण गरेपछि सिर्जनशीलले २०७९ सालमा महायज्ञ सञ्चालन गरी जम्मा गरेको ३५ लाख र अरु रकम बैंकबाट ऋण र विभिन्न श्रोत उपयोग गरेर संस्थाले आफ्नै भवन खरिद गरेको हो।

सरकारी निकायअन्तर्गत गत वर्ष बुटवल नगरपालिकाले दुई लाख र तिलोत्तमा नगरपालिकाले एक लाख रुपैयाँ आर्थिक सहयोग गरेको थियो। तिलोत्तमा नगरपालिका पूर्णरुपमा बालमैत्री नगरपालिका भए पनि यस संस्थाबाट सञ्चालित कार्यक्रममा कुनै प्रकारको अपनत्व लिन र नगरपालिका अभिभावकीय भूमिका दिन चुकेको अध्यक्ष पौडेलको गुनासो छ।

४५ जना आजीवन सदस्य समेत भएको सिर्जनशील नेपाल स्थानीय समुदायको सहभागिता र बालविवाहबाट प्रभावित महिलाद्वारा स्थापित संस्था हो। हालसम्म यसले दुई सय पचास जना बालबालिकालाई उद्धार गरिसकेको छ भने हाल २६जना बालबालिकाको रेखदेख गरिरहेको छ।

रेशम बञ्जाडे संयोजकत्वमा सम्पन्न उक्त कार्यक्रममा सञ्चालन सचिव लक्ष्मी नारायण खनालले गरेका थिए भने अध्यक्षता विशाल पन्थीले गरेका थिए।

# गलकोटमा डेङ्गी र स्क्रब टाइफसका ५८ बिरामी बढे



गलकोट (बागलुङ) । जिल्लामा साउनयता २६ जनामा डेङ्गी पुष्टि भएको छ। डेङ्गी पुष्टि भएकामध्ये गलकोट नगरपालिकामा मात्रै २४ जना छन्।

बागलुङको मध्यभागमा रहेको गलकोट अहिले डेङ्गी र स्क्रब टाइफसको उच्च जोखिममा रहेको स्वास्थ्य कार्यालयका जनस्वास्थ्य निरीक्षक देवप्रकाश घिमिरेले जानकारी दिए। साउनमा जिल्लाभर २६ जनामा डेङ्गी पुष्टि भएकामध्ये गलकोटमा मात्रै २४ जना बिरामी छन्। दुईजनाको धौलागिरि अस्पतालमा सङ्क्रमण पुष्टि भएको थियो। "गलकोट डेङ्गी मात्रै हैन स्क्रब टाइफसको समेत उच्च जोखिममा रहेको पाइएको छ", जनस्वास्थ्य निरीक्षक घिमिरेले भने-"अहिले गलकोट नगर अस्पतालमा एक दर्जन डेङ्गी र स्क्रब टाइफसका बिरामी उपचाररत छन् भने दैनिक चारदेखि पाँच जनामा डेङ्गी र स्क्रब टाइफस पुष्टि भइरहेको छ।"

गलकोटमा गत असारदेखि हालसम्म ४१ जनामा डेङ्गी पुष्टि भइसकेको नगर स्वास्थ्य शाखा प्रमुख सुशिल पौडेलले जानकारी दिए। उनका अनुसार साउनमा मात्रै गलकोटभित्र १७ जना स्क्रब टाइफसका बिरामी फेला परेका छन्। अहिले अधिकांशले घरमा उपचार गराइरहेको भन्दै जटिल समस्या देखिएकाको नगर अस्पतालमा उपचार भइरहेको पौडेलले जानकारी दिए।

"असारमा खोज र नष्ट गरअभियान सञ्चालन गरेका थियौँ। नगरभित्र असारदेखि अहिलेसम्म ४१ जनामा डेङ्गी र १७ जनामा स्क्रब टाइफस फेला परेको छ। सङ्क्रमण भएका बिरामीमध्ये केही घरमा स्वास्थ्यलाभ गर्दै हुनुहुन्छ भने केहीलाई अस्पतालमा राखेर उपचार गरिरहेका छौँ", पौडेलले भने-"दुई वर्ष अघिसम्म डेङ्गी र स्क्रब टाइफसका बिरामी परीक्षण गर्ने व्यवस्था थिएन, अहिले ताराखोला र बडिगाडबाट पनि बिरामी नगर अस्पताल आउने गरेका छन्।" डेङ्गी र स्क्रब टाइफसको उच्च जोखिममा गलकोट नगरपालिका देखिएपछि सर्तकता अपनाउन थालिएको छ। 'खोज र नष्ट गरौँ'अभियान गलकोटमा तीव्ररुपमा सञ्चालन थालिएको बताउँदै सचेतनामूलक कार्यक्रमलाई थप तीव्रता दिइने उनले उल्लेख गरे।

गलकोट नगर अस्पतालमा दैनिक २५ जनासम्म उच्च ज्वरोका बिरामी आउने गरेका नगर अस्पतालका प्रमुख डा.राजेश पौडेलले जानकारी दिए। अस्पताल आएकामध्ये करिब ३० प्रतिशतमा डेङ्गी र स्क्रब टाइफस पुष्टि हुने गरेको छ।

"दैनिक २० देखि २५ जना अस्पताल आउनुहुन्छ, परीक्षण गर्दा पाँचदेखि सात जनासम्ममा डेङ्गी र स्क्रब टाइफस पुष्टि हुने गरेको छ", डा.पौडेलले भने-"गलकोटमा उच्च सर्तकता अपनाउन आवश्यक छ। अहिले अस्पतालमा ज्वरो, वाकवाकी आउने, रिङ्गाटा लाग्ने बिरामीको संख्या वृद्धि भएको जनाउँदै सबैमा डेङ्गी सङ्क्रमण भने देखिएको छैन।" लामखुट्टेको लार्भा नष्ट गर्न पानीको खाल्डा पुर्ने, पानी जम्ने र लामखुट्टे उत्पादन हुने क्षेत्रमा सरसफाइ गर्ने, सुत्दा नियमित झुलको प्रयोग गर्ने, घर बाहिर, खेतबारीमा काम गर्दा पूरै शरीर छोपिने किसिमका लुगा लगाउनेलगायत कुरामा विशेष ध्यान अपनाउनुपर्ने स्वास्थ्य कार्यालय बागलुङले जनाएको छ।

"डेङ्गी लामखुट्टेका माध्यमबाट मानिसमा सर्छ। स्क्रब टाइफस 'ओरेन्सिया सुसुगमुसी' नामक परजीवीको सङ्क्रमणले लाग्ने गर्दछ। यो परजीवीलाई एक प्रकारको 'माइट' जातिको सूक्ष्म कीराले सार्ने गर्दछ। रोगको कीटाणु बोक्ने 'माइट' स-साना बोटबिरुवाको झाडीमा बस्छ", नगर अस्पतालका प्रमुख डा. पौडेलले भने-"केही वर्षअगाडिसम्म स्क्रब टाइफस धेरैजसो पहाडी र दुर्गम स्थानमा देखिँदै आएकामा पछिल्लो समय सहरी क्षेत्रमा पनि देखिँदै आएको छ।"

यसको समयमै उपचार नगरेमा वा जीर्ण बन्दै गएको खण्डमा कलेजो, मिर्गौला, फोक्सो, मुटुलगायत अन्य अङ्गमा सङ्क्रमण फैलिई बिरामीको मृत्युसमेत हुने डा.पौडेलले बताए। यो रोगबाट बच्ने प्रभावकारी माध्यम भनेको सरसफाइमा विशेष ध्यान दिने र सावधानी अपनाउने रहेको उनले उल्लेख गरे। रासस

## लुम्बिनी...

माग गरेका सूचनाहरू तत्काल उपलब्ध गराइ कोषले नागरिकको मौलिक हकको संरक्षण गर्न सके लुम्बिनीका अधिकांश बेथिति र अनियमितता बाहिर आउँछ र कारबाहीमा परिन्छ भन्ने डरले सूचनाहरू लुकाउन खोजिएको संयोजक खाँको आरोप छ।

संघर्ष समितिले परापूर्व कालदेखि बैदिक सनातनीहरुबाट पूजिदै र संरक्षित रहँदै आएको रुमन्देही माई रहेको स्थलमा नै बुद्ध जन्मस्थल भएकाले रुमन्देही माईको पनि संरक्षण गर्न माग गरेको छ।

संघर्ष समितिले मायादेवी मन्दिरको संरचना र डिजाइन परिवर्तन गर्न नपाइने, अनधिकृत संरचना बनाउन तुरन्त रोक्नुपर्ने, पुरातात्विक स्थल विनाकारण भत्काउन वा स्वरुप बिगार्न रोक्नुपर्ने, स्थानीयले परम्परागत मुण्डन गरिएको कपाल, दुलाहाको मयुर तथा कपुर बत्ती आदि अशोकस्तम्भमा चढाउँदै आएकोलाई एक ठाउँमा व्यवस्थित गर्ने र पिपलबोटमा सिन्दुर पोत्नलगायतका परम्परा मान्न पाउनुपर्ने, मायादेवी मन्दिरमा नित्य पूजा तथा सन्ध्या आरतिको व्यवस्था गर्नुपर्ने माग गरेको छ।

त्यस्तै परम्परागत रुपमा लाग्दै आएको ऐतिहासिक चैत्र पूर्णिमा मेला समेतका लागि पर्याप्त बजेट तथा स्थानीयको संग्लनता सुनिश्चित गरिनुपर्ने माग गरेको छ।

विश्वले लुम्बिनीलाई शान्ति भूमिको रुपमा परिभाषित गर्दै गौतमबुद्धको पवित्र जन्मभूमिको महिमा गाइरहेको बेला लुम्बिनीमा सानातिना विषयमा नकारात्मक समाचारहरु बाहिर आउँदा यसको अस्तित्वमाथि प्रहार हुनेतर्फ न त कोषका पदाधिकारी जिम्मेवार छन्, न त आवेशमा तालाबन्दी गर्ने स्थानीयहरु नै।

वृहत्तर लुम्बिनीको अवधारणा सार्वजनिक गरिरहँदा स्थानीयहरुले बारम्बार एउटै विषयमा असन्तुष्टी जनाउनु पर्ने बाध्यात्मक अवस्था सृजना गरिनुमा कोषका पदाधिकारीहरु नै जिम्मेवार छन्। पर्खालभित्र लुम्बिनीलाई परिभाषित गरेर कोष अगाडि बढ्दा आफ्नो जायजेथा सुम्पेका स्थानीयको जीवनस्तर उकास्नेतर्फ लुम्बिनीमा आउने अहिलेसम्मका कुनै पनि पदाधिकारीले ठोस कदम चाल्न सकेका छैनन्।

राजनीतिक आडमा कोषको उपाध्यक्ष, सदस्य सचिव, कोषाध्यक्ष जस्ता निर्णायक पदमा नियुक्ति हुने र कोषमा हाजिर भएदेखि नै राजनीतिक नेताहरुलाई खुशी पार्ने दौडधुपमा लाग्ने परिपाटीले आजित भएका स्थानीयहरु आफ्नो आवाज सुनाउनको लागि बन्द हड्ताल जस्ता गतिविधि गर्न बाध्य छन्। तर यस्ता गतिविधिले अन्तर्राष्ट्रियस्तरमा लुम्बिनीको छवि धमिलिने र संसारभरका बौद्धमार्गीहरुको आस्थामा आघात पुग्ने निश्चित छ।

लुम्बिनीलाई कुनै एक धर्मको बिल्ला भिराएर विवादित विषय बनाइनु आफैँमा लज्जास्पद विषय हो। लुम्बिनीको नाममा थुप्रै संघसंस्थाहरु सञ्चालनमा छन्। कैयौं विज्ञहरुको समूह छ। तर पनि लुम्बिनीलाई विवादरहित लुम्बिनी बन्नुपर्छ भनेर कतैबाट त्यो भूमिका निर्वाह गर्न नसक्नु आफैँमा दुःखद विषय हो।

'लुम्बिनीको विकास भनेको यहाँका स्थानीयको जीवनस्तरले मापन गरेको हुन्छ। विकास कोषको पर्खाल बाहिरको लुम्बिनीका आम नागरिक खानेपानीको अभाव झेलिरहेका छन्। उनीहरुमध्ये कतिपयको बस्ने बास छैन, बेरोजगार छन्। दिदीबहिनीहरुको सुरक्षा छैन भने यस्तो विकास कसका र केका लागि।'-संघर्ष समितिका संयोजक खानले भने।

विकास कोषभित्रैका पदाधिकारीबिचको मनमुटाव लुम्बिनीको विकासको बाधक बनेको छ। यसकै उपज स्थानीयले लुम्बिनीप्रतिको अपनत्व ग्रहण गर्न सकिरहेका छैनन्। लुम्बिनीभित्र सञ्चालनमा रहेका भौतिक संरचनाको गुणस्तर टिठलाग्दो छ। गुरु योजनालाई बजेट दुहुने माध्यम बनाइएको छ। जुन सुरु भएको ४५ वर्षसम्म पूरा हुन सकेको छैन।

स्थानीय नागरिक अगुवाहरुले पनि आफ्ना माग पूरा गराउन भरसक बन्द हड्तालभन्दा पनि संवादलाई प्राथमितामा राख्दा विश्वभरबाट आत्मशान्तिको लागि लुम्बिनी आउने बौद्ध मार्गी तथा अन्य पर्यटकप्रति न्याय हुनुका साथै बुद्धको शान्तित्वले सार्थकता पाउन सक्छ।

लुम्बिनी विकास कोषका सदस्य सचिव सानुराजा शाक्यले उपाध्यक्ष भारतको नयाँ दिल्लीमा रहेको र छलफलको लागि आन्तरिक गृहकार्य भइरहेको बताए। 'थप छलफलका लागि विकास कोष आन्तरिक कार्य गरिरहेको छ, जायज मागको सम्बोधन र समस्याको समाधान हुन्छ, वार्ताको लागि प्रयास भए पनि आन्तरिक तयारी नपुगेकोले वार्ता भएको छैन, सूचनाको हकमा हामीले दिन सक्ने सूचना दिएका छौँ।'-शाक्यले भने।

# दूध बेचेर मासिक लाख आम्दानी



घोराही (दाङ) । दाङको घोराही उप-महानगरपालिका-१३ का रवि घर्तीले व्यावसायिक रुपमा पशुपालन गर्दै आएका छन्। उनले पशुपालन गर्न थालेको तीन वर्ष भयो। व्यावसायिकरुपमा लागेका घर्तीले साथीहरुसँग मिलेर भैँसीपालन, बङ्गुरपालन र हाँसपालन गर्दै आएका छन्।

मेहनत गर्नसके पशुपालनबाट मनग्य आम्दानी लिन सकिने 'गोरखा बायो फार्म'का अध्यक्ष रहेका घर्तीले भने-"भैँसी र बङ्गुरपालन गरेर राम्रै आम्दानी भइरहेको छ।" घोराही उपमहानगरपालिका-७ घुम्नामा पाँच बिघा जग्गा किनेर व्यावसायिकरुपमा पशुपालन गर्दै आएका उनले दूध बिक्री गरेर मासिक रु एक लाखभन्दा बढी आम्दानी भइरहेको बताए। उनको फार्ममा १८ भैँसी र २५ बङ्गुर रहेका छन्।

उत्पादन गरेको दूध घरबाटै बिक्री हुने गरेको घर्तीले बताए। "दूध बिक्री गर्न समस्या छैन। फार्मबाटै विद्यालय र डेरीमा जाने गरेको छ।"-उनले भने। दैनिक ४५ देखि ५० लिटरसम्म दूध बिक्री भइरहेको घर्तीले जनाए। फार्ममा कम्तीमा ४० भैँसी र जर्सी गाईसमेत थप गर्ने उनको योजना छ।

बजारको मागसँगै प्रशस्तमात्रामा घाँससँगै पानीको व्यवस्था भएकाले दूध उत्पादनलाई प्राथमिकता दिएको घर्ती बताउँछन्। दूध प्रतिलिटर रु ७० मा बिक्री हुने गर्दछ। भैँसीपालनसँगै मासुका लागि बाख्रा, बङ्गुर, हाँस र व्यावसायिक तरकारी खेतीलाई पनि अघि बढाउने तयारी रहेको अर्का सञ्चालक खुसीराम चौधरी बताउँछन्। त्यसका लागि उनी थप संरचना निर्माण गर्ने तयारीमा छन्।

व्यावसायिक रुपमा दूध र मासुसँगै तरकारी उत्पादन गर्ने उद्देश्यले फार्ममा अहिलेसम्म करिब रु एक करोड ५० लाखसम्म लगानी भइसकेको चौधरीले जानकारी दिए। फार्ममा तीन जनाले रोजगारी पाएका छन्। पशुपालनका लागि सुपर नेपियर, किमु, इपिल, सुडान, मकैचरी, मकैलगायतका घाँसखेती समेत गरिएको छ।

# ६३ युनिट रगत संकलन



बुटवल । रुपन्देहीमा रक्तदान अभियान चलाएको नेपाल नियमित रक्तदाता संघ केन्द्रीय समितिले आफ्नो नियमित रक्तदान तथा नवनिर्वाचित प्रदेशका होटल व्यवसायीहरुलाई सम्मान कार्यक्रम गरेको छ।

नेपाल रेडक्रस सोसाइटी, रक्त सेवा सञ्चार केन्द्र बुटवलमा शनिबार भएको होटल व्यवसायी महासंघ लुम्बिनी प्रदेशको दोस्रो अधिवेशनबाट निर्वाचित अध्यक्ष महेन्द्र श्रेष्ठ, महासचिव गणेश बेल्बासे, सह-सचिव लिलाधर भट्टराई र सदस्य मोहनलाल पाण्डेलाई नेपाल नियमित रक्तदाता संघ केन्द्रीय समितिका अध्यक्ष दयाबहादुर सिलवाल, उपाध्यक्ष महेश खनाल, संयोजक तथा केन्द्रीय वरिष्ठ उपाध्यक्ष लेखनाथ भण्डारी, महासचिव दिपक अधिकारी, कोषाध्यक्षसहित पदाधिकारी, सदस्यहरु तथा एसियन होटलका सञ्चालक शोभाखर बञ्जाडेले सम्मानपत्र, खादा ओढाएर सम्मान गरेका थिए।

कार्यक्रममा होटल व्यवसायी महासंघ लुम्बिनी प्रदेशका निर्वाचित अध्यक्ष महेन्द्र श्रेष्ठले रक्तदान अभियानमा व्यवसायीबाट सहकार्य गर्ने प्रतिबद्धता जनाए।

कार्यक्रममा अध्यक्ष दयाबहादुर सिलवालले रक्तदानलाई टोलटोलमा एक घर एक रक्तदान अभियान चलाउनुपर्ने र नेपालको कुल जनसंख्याको ३ प्रतिशतबाट मात्र रक्तदान भए माग पर्याप्त हुने बताए। अझैं पनि कुनकाप्चामा रक्तदानको महत्व बुझाउन नसकिएको उनले दुखेसो गरे।

कार्यक्रममा रक्त सञ्चार सेवा केन्द्र बुटवलको प्राविधिक सहयोग र एसियन होटल बुटवल कालिकानगरको प्रायोजनमा भएको रक्तदान कार्यक्रममा ६३ युनिट रगत संकलन भएको संयोजक लेखनाथ भण्डारीले बताए।

समितिमा तीन सय बढी आजीवन सदस्यहरु आबद्ध रहेको उनले जानकारी दिए।

**बुटवल सुनचाँदी व्यवसायी संघ**
बुटवल, रुपन्देही
मितिः २०८१/०४/१९ को
**सुनचाँदीको बजारभाउ**
छापा सुन प्रति तोला : १,५०,४००
तेजावी सुन प्रति तोला : १,३८,४५०
चांदी प्रति तोला :१,८२५

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# आफैँले चलाएको गोली लागेर मृत्यु



**रामकुमार श्रेष्ठ**
*नवलपरासी*

नवलपुरमा नेपाली सेनाका एक जना प्रहरी जवानको आफैँले चलाएको गोली लागि मृत्यु भएको छ।

जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी उपरीक्षक नरहरि रेग्मीका अनुसार दिउँसो साढे १२ बजेको समयमा कावासोती नगरपालिका ७ बाँदरभुलामा रहेको नयाँ गोरख गण 'ख' गुल्म अमलटारी सेक्टरमा बाँदरभुला पोष्टमा कार्यरत नेपाली सेनाका जवान २२ वर्षीय सुदीप मिजारको आफूले चलाएको गोली लागेर मृत्यु भएको हो।

धादिङ जिल्लाको गल्छी गाउँपालिका ४ घर भई श्री गोरख गण कसरामा दरबन्दी भई हाल नयाँ गोरख गण 'ख' गुल्ममा कार्यरत मिजारको निधन भएको हो।

मिजारले नयाँ गोरख गण 'ख' गुल्म अमलटारी बाँदरभुला पोष्टको कोत घरमा रहेको ५ दशमलब ५६ एमएमको मिनी गनले आफैँले आफ्नो घाँटीमा गोली हानेको प्रहरीले जनाएको छ। घटनाको अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी नायव उपरीक्षक बेदबहादुर पौडेलले बताए। पौडेलका अनुसार घटना स्थलमा घटनाको मुचुल्का तयार पारी शव पोष्टमार्टमका लागि पठाइएको छ।

# पहिरोमा परी एकैघरका दुई जनाको मृत्यु



**नवीन लोचनमगर**
*रोल्पा*

रोल्पामा पहिरोमा परी एकै घरका दुई जनाको मृत्यु भएको छ। जिल्लाको सुनछहरी गाउँपालिका वडा नं. ४ सिउरी कामीडाँडाका ६५ वर्षीया वसुना सुनार र उनकी नातिनी चार वर्षीया माया सुनारको मृत्यु भएको प्रहरी निरीक्षक सन्तोष घिमिरेले जानकारी दिए।

शुक्रबार राति करिब ४ बजेतिर पहिरोमा देउसिंह कामीको १ तले कच्ची घर पहिरोमा पुरिएको खबर पाएलगत्तै प्रहरी चौकी सिउरीबाट प्रहरी सहायक निरीक्षक केशरबहादुर थापाको नेतृत्वमा ४ जनाको प्रहरी टोली त्यहाँ पुगेको थियो। लगातारको वर्षा र पहिरो भरिरहेका कारण उद्धारमा समस्या परेको प्रहरीको भनाइ छ। पुरिएको घरबाट शनिबार बिहान दुईजनाको शव निकालिएको जिल्ला प्रहरी कार्यालय रोल्पाले जनाएको छ। देउसिंह कामी र उनको पत्नी पनि उक्त दिन घरमा नभएको बुझिएको छ।

# ३३ लाख बराबरका मोबाइल बरामद



**गौरीशंकर जयसवाल**
*परासी*

पश्चिम नवलपरासीमा सशस्त्र प्रहरीले भन्सार छलेर लैजाँदै गरेको मोबाइल बरामद गरेको छ। नवलपरासीको सरावल गाउँपालिका- ४ बडसारबाट सशस्त्र प्रहरी हरपुर गुल्मबाट खटिएको गस्ती टोलीले शनिबार बिहान ८८ थान मोबाइल बरामद गरेको हो।

भन्सार छलेर लैजाँदै गरेको उक्त मोबाइलको मूल्य ३३ लाखबराबरको रहेको सशस्त्र प्रहरीले जनाएको छ।

भारतीय मोटरसाइकलमा चढेर आएका व्यक्तिले भोलामा राखेर लैजाँदै गरेको मोबाइल बरामद गरिएको सशस्त्र प्रहरी बल नेपाल २६ नम्बर गण नवलपरासीका सूचना अधिकारी डीएसपी यज्ञमान साउदले जानकारी दिए।

बरामद गरिएका मोबाइलमा ४० थान आइफोन र ४८ थान पोको नामक ब्राण्डका रहेका छन्।

बरामद मोबाइल र मोटरसाइकललाई आवश्यक कारबाहीका लागि महेशपुर भन्सार कार्यालय पठाइएको छ। कारोबारमा संलग्न व्यक्ति भने गस्ती टोलीले घेरा हाल्ने संकेत पाएपछि भोलासहितको मोटरसाइकल छाडेर भागेको डीएसपी साउदले बताए। साउन महिनाको अहिलेसम्म भन्सार छलि ल्याएका लत्ता कपडा, चिनी, हार्डवेयरलगायतका कुल ८५ लाख ५१ हजारका सामान बरामद गरेर भन्सार पठाइएको सशस्त्र प्रहरीले जनाएको छ।

# सांसद विकले गरे योजनाको स्थलगत अनुगमन



देवदह । प्रतिनिधिसभा सदस्य छविलाल विश्वकर्माले रुपन्देहीको क्षेत्र नम्बर १ मा यस आर्थिक वर्षको लागि विनियोजित योजनाको स्थलगत अनुगमन गरेका छन्। संघीय सरकार शहरी विकास मन्त्रालयअन्तर्गत स्थानीय पूर्वाधार विकास आयोजना कार्यालयद्वारा आर्थिक वर्ष २०८१/०८२ को लागि विनियोजित योजनाको प्राविधिकसहित स्थलगत अनुगमन गरेका हुन्।

प्रतिनिधिसभा सदस्य विश्वकर्माले रुपन्देहीको देवदह नगरपालिका-४, देवीदमारदेखि भवानीपुर सडक निर्माणको लागि ३० लाख, देवदह-३, सूर्यपुरादेखि वसन्तपुर हुँदै तिलोत्तमा-१२ जोड्ने सडक स्तरउन्नतिको लागि १ करोड, देवदह-३, हात्तीडाँडादेखि भविश्य निर्माण माध्यमिक विद्यालय जोड्ने भोलुङ्गे पूलको लागि ८९ लाख, देवदह-१२, ढोलबजवादेखि नारायणपुर जोड्ने सडकको लागि १ करोड २० लाख, रोहिणी गाउँपालिकादेखि चम्कीपुरसम्म सडक निर्माणको लागि १ करोड, छोटकी, खुरहरिया, पोखरभिन्डी सडक निर्माणको लागि १ करोड, रोहिणी खोला मोटरवेल पूलको लागि ५५ लाखको योजनाको प्रतिनिधिसभा सदस्य विश्वकर्माले स्थलगत अवलोकन गरेका हुन्।

स्थलगत अवलोकनको क्रममा बोल्दै सांसद विश्वकर्माले यस आर्थिक वर्षमा रुपन्देहीको क्षेत्र नम्बरअन्तर्गत देवदह, ओमसतिया, रोहिणी र तिलोत्तमा १२ वटा योजना परेको बताए। उनले विनियोजित योजना समयमै सम्पन्न गर्न र योजनाहरुको रेखाङ्कन गर्नको लागि प्राविधिकसहित स्थलगत अवलोकन गरेको बताए। उनले क्षेत्रमा भएका विकास निर्माणमा हुने गरेका समस्या तत्काल गर्न सकिने र दीर्घकालिन रुपमा गर्न सक्ने योजनाको छनोट समेत गरिने बताए। उनले यस आर्थिक वर्षमा संघीय सरकारबाट विनियोजित योजना सही ढंगले सदुपयोग होस् भनेर प्राविधिसहित अवलोकन गरेको बताउँदै यसको कार्यान्वयनको लागि स्थानीय तह र आमनागरिकले चासो दिनु पर्नेमा जोड दिए।

सांसद विश्वकर्माले सरकारले योजना बनाएर मात्र नहुने बताउँदै त्यसको लागि सम्बन्धित स्थानीय तहले समन्वयकारी भूमिका खेल्नु पर्नेमा जोड दिए।

प्रतिनिधिसभा सदस्य विश्वकर्माको नेतृत्वमा भएको स्थलगत अवलोकनमा शहरी विकास मन्त्रालयअन्तर्गत स्थानीय पूर्वाधार विकास आयोजना कार्यालयका इञ्जिनियर नेवल चौधरी, देवदह नगरपालिकाका प्रमुख ध्रुवप्रसाद खरेल, उप-प्रमुख विद्यालक्ष्मी गुरुङ्ग, नेकपा एमालेका जिल्ला अध्यक्ष यज्ञप्रसाद गैरे, देवदह-४, का वडाध्यक्ष दमननाथ ढुंगाना, ३ का वडाध्यक्ष यज्ञप्रसाद अर्याल, ११, का वडाध्यक्ष दुधनाथ कुँवर, जनप्रतिनिधि तथा स्थानीयवासीहरुको सहभागिता रहेको थियो।

# ओम्स नेपालको महाधिवेशन बुटवलमा हुने




बुटवल । बजार व्यवस्थापन तथा बिक्री कर्मचारी संघ (ओम्स) नेपालको प्रथम महाधिवेशन बुटवलमा हुने भएको छ। आगामी भदौ ७ र ८ गते बुटवलमा हुने महाधिवेशनको तयारी सुरु भइसकेको केन्द्रीय अध्यक्ष सूर्य पराजुलीले बताए। गत वर्ष असार २ गते चितवनमा भएको भेलाले पराजुलीको अध्यक्षतामा संस्था स्थापना गरेको थियो। संस्थामा हाल देशभर विभिन्न कम्पनी र उद्योगका ५ हजार बजार प्रतिनिधि रहेका र देशकै अग्रणी संस्था रहेको अध्यक्ष पराजुलीले जानकारी दिए। बजार प्रतिनिधिहरुको सामाजिक सुरक्षासहित उचित र सम्मानजनक पारिश्रमिकलगायतका हक हितका पक्षमा महाधिवेशनमा छलफल हुने पराजुलीले बताए। संस्था मजदुरहरुको ट्रेड युनियन संगठन जिफन्टमा आबद्ध छ।





हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि) यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३
मो.९८५७०३५३८०, ९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०





सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com